# ग्लोबल आइएमई बैंक लिमिटेडको
# १७ औं वार्षिक साधारण सभाको

## काम कारवाहीको विवरण

## (माईन्यूट)

१. **बैधानिक सभाः**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको १७ औं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको अध्यक्षतामा निम्न मिति, स्थान र समयमा वसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८० साल मंसिर २८ गते बिहिवार (तद्नुसार १४, डिसेम्वर २०२३)

स्थान : नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाण्डौ ।

समय : दिनको ९.०० बजे ।

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार १७ औं वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सोही व्यहोराको सूचना मिति २०८०/०८/०१ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिक र मिति २०८०/०८/०४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । साथै, उक्त सुचनासंगै कम्पनी ऐन २०६३ को दफा ८४ (४) बमोजिम आर्थिक बर्ष २०७९/०८० को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **छलफलको विषयहरु :**

(क) सामान्य प्रस्ताव :

१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब. २०७९/८० को बासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण स्वीकृत गर्ने ।

३) बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि., बिओके क्यापिटल मार्केटस् लि., ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड र जेविएनएल सेक्युरिटिज लि.को आ.व २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated ) वित्तिय विवरण स्वीकृत गर्ने ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७९/८० को मुनाफा समेतबाट चुंक्ता पुंजीको ८ प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८०/८१ को लेखापरीक्षण कार्यका लागि बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

६) संस्थापक शेयरधनी समूहबाट ३ जना र सर्वसाधारण शेयरधनी समूहबाट ३ जना समेत जम्मा ६ जना संचालकको निर्वाचन गर्ने ।

(ख) **विशेष प्रस्ताव :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८० साल आषाढ मसान्त सम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट चुक्ता पूँजीको १ प्रतिशत बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही हद सम्म जारी तथा चुक्ता पूँजी बृद्धि गरि प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

२) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता बृद्धि तथा सेवा सुविधा स्वीकृत गर्ने ।

३) बैंकको प्रबन्धपत्र तथा नियमावली संसोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायहरुबाट कुनै थपघट वा संशोधन गर्न निर्देशन भएमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध ।**

## ५. उपस्थिति :

## ५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित संचालक(हरु)

| | |
|---|---|
| १. श्री चन्द्र प्रसाद ढकाल | अध्यक्ष |
| २. श्री राधेश पन्त | संचालक |
| ३. श्री राम बहादुर भण्डारी | संचालक |
| ४. श्री कृष्ण प्रसाद शर्मा | संचालक |
| ५. श्री मदन लाल जोशी | संचालक |

५.२ अन्य उपस्थिति :

१. श्री ललित कुमार थापा, सहायक रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौ

५.३ बैंकको उच्च तहको पदाधिकारीको उपस्थिति :

| | |
|---|---|
| १. श्री रत्न राज बज्राचार्य | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री सुरेन्द्र राज रेग्मी | बरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री सुमन पोखरेल | नायब प्रमुख कार्यकारी अधिकृत |
| ४. श्री बिमल डाँगा | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ५. श्री चन्द्र राज शर्मा | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ६. श्री कल्याण बिक्रम पाँडे | सहायक प्रमुख कार्यकारी अधिकृत |

५.४ आमन्त्रीत :

| | |
|---|---|
| १. श्री प्रकाश जङ्ग थापा | लेखापरीक्षक |
| २. श्री युद्ध राज ओली | लेखापरीक्षक |

५.५ शेयरधनीहरुको उपस्थिति :

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्या : १,३०५
२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : ८७७
३. जम्मा उपस्थित संख्या : २,१८२

६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)

| शेयर तथा शेयरधनी | जम्मा शेयर संख्या | उपस्थित (शेयरधनी) | | उपस्थित (शेयर संख्या) | | जम्मा शेयरधनी संख्या ( स्वयं तथा प्रतिनिधि) | जम्मा शेयर संख्या (स्वयं तथा प्रतिनिधि) |
|---|---|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधि मार्फत | स्वयं | प्रतिनिधि मार्फत | | |
| कुल शेयर संख्या | ३५,७७,१०,५९७.१६ | १,३०५ | ८७७ | ४,२६,०४,२३७.९५ | १४,२४,७१,८०६ | २,१८२ | १८,५०,७६,०४३.९५ |
| संस्थापक शेयरधनी | १८,३२,८६,९४५.२४ | ४८ | ४३२ | २,६५,९४,९६४.०६ | १०,६५,७२,७१३ | ४८० | १३३,१६७,६७७.०६ |
| सर्व साधारण | १७,४४,२३,६५१.९३ | १,२५७ | ४४५ | १,६०,०९,२७३.८९ | ३,५८,९९,०९३ | १,७०२ | ५,१९,०८,३६६.८९ |

| समूह | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कुल प्रतिशत | | | | | | ५१.७४ | |

७. सभाको बैधानिकता:

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान रहेकोमा बैंकको १७ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या २१८२ भएको र कुल शेयरको ५१.७४ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा प्रावधान भए बमोजिम यस सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने व्यबस्था कम्पनी सचिवले जानकारी गराएपछि दिनको ९.०० बजे अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको अध्यक्षतामा बैंकको १७औं वार्षिक साधारण सभा सुरु भयो ।

**८. वार्षिक साधारण सभाको प्रस्तुति**

अध्यक्षज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिवेदन सहितको २०८०, आषाढ मसान्त सम्मको रु. ५,२६,८८,२५,६२,९४२/-को पूँजी/दायित्व तथा जायजेथा भएको वासलात र रु. ९,२६,५५,२४,१८९/-को कुल संचालन मुनाफा र आयकर पश्चात खुद मुनाफा रु.६,६९,४३,५७,७९५/- रहेको आ.व.२०७९/८० को नाफा/नोक्सान विवरण तथा सो मध्ये साधारण जगेडा कोष बापत रु.१,३३,८८,७१,५५९/-, सटही घटबढ कोष बापत रु.४६,२५,११९/-, ऋणपत्र भुक्तानी कोष बापत रु.४४,५७,२३,६८४/-, संस्थागत सामाजिक उत्तरदायित्व कोष बापत रु.४,२३,९३,६९३/-, कर्मचारी प्रशिक्षण तथा दक्षता अभिवृद्धि कोष बापत रु.२,५४,०६,७६१/-, ब्याज पूँजीकृत कोष बापत रु.१,६३,६०,१६४ र नियामक समायोजन बापत रु.१,९०,९१,७२,४१५/- विनियोजन गरी लगानी समायोजन कोष बाट रु.३९,७०,००,०००/- अन्य कोषबाट रु. २,६६,१८,५४९ र पूँजीगत जगेडा कोषबाट रु.१,६४,०७५ फिर्ताको समायोजन पश्चात नाफा/नोक्सान हिसाबमा बाँकी रहेको संचित मुनाफा र गत वर्षको संचित मुनाफा उपयोग गरी वार्षिक साधारण सभाको स्वीकृती पश्चात वितरण हुने गरी १ प्रतिशत बोनश शेयर तर्फ रु. ३५,७७,१०,५९७/- तथा नगद लाभांश तर्फ ८ प्रतिशतले हुने रु.२,८६,१६,८४,७७२/-समेत जम्मा ९.०० प्रतिशत लाभांश वितरण गर्ने गरी संचित मुनाफाबाट रु.३,२१,९३,९५,३६९/- वासलातमा

सारिएको तथा अन्तिम नगद तथा बैंक मौज्दात रु.२८,५३,१८,५३,७९३/- भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा नोक्सान विवरण सहितको प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

९. **छलफलको लागि आव्हान र शेयरधनी महानुभावहरु :**

९.१ बैंकको आ.व. २०७९/८० को वार्षिक प्रतिबेदन, २०८० आषाढ मसान्त सम्मको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तब्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको कममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु ब्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तब्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री सत्रुघन श्रेष्ठ
२. श्री ब्रम्हदेव शाक्य
३. श्री उद्धव प्रसाद घिमिरे
४. श्री ब्यास कुमार शर्मा
५. श्री चन्द्र नारायण श्रेष्ठ
६. श्री गोगन बहादुर पराजुली
७. श्री भक्ति प्रसाद उप्रेति
८. श्री उत्तम दत्त पाण्डे
९. श्री सुदिप श्रेष्ठ
१०. श्री दिपेन्द्र घिमिरे
११. श्री ई.बैजुनाथ रौनियार
१२. श्री कृष्ण प्रसाद अधिकारी
१३. श्री मेजर कुवेर श्रेष्ठ
१४. श्री निरुपमा गुप्ता
१५. श्री दिपक प्रधान
१६. श्री रामगोपाल महर्जन
१७. श्री उत्सव श्रेष्ठ
१८. श्री नरसिंह लाल चंखु (लिखित सुझाव दिनुभएको)

## १०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नु भएका सराहना :

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालकहरु र व्यवस्थापनलाई धन्यबाद दिनु भयो साथै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । बैंकको संचालक समितिद्वारा प्रस्तुत गरिएको वार्षिक प्रतिबेदन माथि टिप्पणी गर्दै बैंकबाट भए गरिएका कार्यहरुको मुल्याङ्कन गरी राम्रा कामको सराहना गर्दै कमी कमजोरीलाई क्रमश: सुधार गर्दै लैजान सुझाव दिनु भयो । वित्तीय क्षेत्रको समस्या एवं सम्भावित जोखिम पहिचान गरी सोको न्यूनीकरण गर्दै बैंकको प्रतिस्पर्धी क्षमतालाई अभिबृद्धि गर्ने र व्यवसायको नयाँ नयाँ क्षेत्र पहिचान गरी बैंकिङ्ग व्यवसायलाई अझ फराकिलो पार्दै लैजानु पर्ने धारणा राख्नु भयो । शेयरधनीहरुले आफ्नो विचार राख्ने क्रममा ग्लोबल आएमई बैंकको ब्राण्ड राष्ट्रियस्तरमा मात्र नभएर अन्तर्राष्ट्रियस्तरमा नै स्थापित हुँदै गएकोमा खुसि प्रकट गर्दै यस्तो बैंकको शेयरधनी हुन पाएकोमा गौरव अनुभुति हुने बताउनु भयो ।

## ११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतिकरण :

छलफलको क्रममा शेयरधनी बक्ताहरुले बुँदागत रुपमा देहाय बमोजिमको धन्यबाद तथा सराहना,सुझाव एवं मन्तव्य व्यक्त गर्नु भएको थियो ।

### १. श्री सत्रुघन श्रेष्ठ

आदरणीय अध्यक्ष ज्यु, संचालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा शेयरधनीहरुमा हार्दिक नमस्कार । **"सबैको लागि बैंक** भन्ने नारासँगै यो बैक निरन्तर प्रगतिपथमा रहेको छ । विगत वर्षहरुमा विभिन्न २१ वटा बैक तथा वित्तीय संस्थाहरुलाई आफुमा समाहित (मर्जर तथा प्राप्ति) गरी अब्वल सावित गरेको छ । मुलुकको ७७ वटै जिल्लामा शाखा सन्जाल, अष्ट्रेलिया, बेलायत एवं दिल्लीस्थित प्रतिनिधि कार्यालय संचालनमा रहेको छ। समीक्षा वर्षमा बैंकको ब्याज आम्दानीमा सुधार भएको छ । विभिन्न कारण मुलुकको आर्थिक गतिविधि सुस्ताएको वेलामा समेत बैकले शेयरधनीहरुलाई वितरणको लागि प्रस्ताव गरेको लाभाँश सन्तोषजनक र सन्तुतिल रहेको छ । अध्यक्षज्यू नेपाल उद्योग वाणिज्य महासंघको समेत अध्यक्ष हुनु भएकाले यो बैंकले थप उचाई हासिल गर्ने विचार राख्दै उहाँले बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

### २. श्री ब्रम्हदेव शाक्य

सभाका अध्यक्ष, संचालक, कर्मचारी तथा शेयरधनीहरु लगायत उपस्थित सम्पुर्णलाई ज्वजलपा, नमस्कार । राष्ट्रिय कर दिवस २०८० को अवसरमा बैंक

तथा वित्तीय संस्थाहरुमध्ये यो बैक सवैभन्दा बढि आयकर तिर्ने बैंकमा सम्मान भएबाट हामी सम्पुर्ण शेयरधनीहरु सम्मानित भएको धारणा राख्नु भयो ।

एकवर्षभन्दा अघिदेखि विभिन्न कारणले गर्दा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा विस्तार हुन नसकिरहेको वस्तुगत परिस्थितिले गर्दा बैकको मुनाफा प्रभावित भई शेयरधनीहरुले प्राप्त गर्ने प्रतिफलमा समेत संकुचन आईरहेको अबस्थामा बैंकले शेयरधनीहरुलाई वितरण गर्न प्रस्ताव गरेको ८ प्रतिशत नगद र १ प्रतिशत बोनश शेयर सहित जम्मा ९ प्रतिशत लाभांश राम्रो छ, यसको लागि संचालक समिति, बैंक व्यवस्थापन लगायत सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद छ । संचालक समितिको प्रतिवेदन उत्कृष्ट छ, संस्थापक सामाजिक उत्तरदायित्व अर्न्तगत भएगरेका काम कारवाहिहरु प्रसंशायोग्य रहेका छन् ।

धितोपत्र सम्वन्धि कारोवार गर्ने बैंकको सहायक कम्पनी जेविएनएल सेक्यूरिटिज लि. अत्यन्तै उपयुक्त समयमा संचालनमा आएको छ । उहाँले सो कम्पनीको नाम मातृसंस्था ग्लोबल आईएमइ बैक लिसँग मिल्दोगरी ग्लोबल आईएमइ सेक्युरिटिज लि.राख्न सुझाव दिनु भयो । सञ्चालक समितिबाट बाहिरिन लाग्नु भएका संचालकलाई धन्यवाद ज्ञापन गर्दै निर्विरोध हुनुभएका नयाँ संचालकज्यूहरुलाई बधाई तथा सफल कार्यकालको शुभकामना ब्यक्त गर्नुभयो । कुनैपनि काम वा व्यवसाय बुहुजन हिताय, बहुजन सुखाय भन्ने मान्यतामा आधारित हुनुपर्ने विचार राख्नु हुँदै उहाँले युवा उद्यमशिलता सम्बन्धि योजनाहरु ल्याउन सुझाव दिनु भयो ।

हिड्दै जाउ, अघि बढ्दै जाउ भन्ने शाक्यमुनि बुद्धको सन्देशलाई स्मरण गर्दै उहाँले आफ्नो भनाई अन्त गर्नुभयो ।

### ३. श्री उद्धव प्रसाद घिमिरे

संचालक समितिका अध्यक्ष, संचालक, ब्यवस्थापन एवं शेयरधनीहरुलाई नमस्कार । १७ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना छ । ९ प्रतिशत लाभाँश दिनुभएकोमा धन्यवाद । आगामी बर्षहरुमा लाभाँश थप हुने बिश्वास सहित नगद तथा बोनस शेयर आधा आधा हुनुपर्ने धारणा राख्नुभयो । पर्यटनमा आधारित उद्योगमा लागनी बढाउन अनुरोध गर्दै उहाँले बैकको ब्यवसायिक आकार अनुसार एलसी सुबिधाको पोर्टफोलियो कम भएको तथ्य राख्नु भयो ।

संचालक समिति, योग्य, दक्ष, प्रतिष्ठित ब्यक्तित्वहरुको संगमस्थल रहेको एवं अनुभवि र सक्षम प्रमुख कार्यकारी अधिकृत भएको उहाँले निसन्देह बैकलाई सहि दिशामा लगेको बिश्वास ब्यक्त गर्नुभयो । मर्जर तथा प्राप्तिमा उदाहरणिय बनेको यो बैकको प्रतिष्पर्धा स्वदेशमा मात्र नभएर विदेशका नाम चलेका बैकहरुसँग हुने भन्दै उहाँले सञ्चालक समितिलाई पुनः धन्यवादसहित बैकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

४. श्री ब्यास कुमार शर्मा

संचालक समितिका अध्यक्ष, संचालक, व्यवस्थापन एवं शेयरधनीहरुलाई नमस्कार । १७ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना छ । सभामा बोल्न दिनुभएकोमा धन्यवाद । उद्योग व्यवसायका अगुवा, ग्लोबल आइएमई बैंकका जन्मदाता अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको नेतृत्वमा बैंकमा व्यावसायिकरुपमा योग्य र दक्ष व्यक्तिहरुको समुह रहेको बताउनु भयो ।

आ.व. २०७९/८० को बैंकको वार्षिक प्रतिवेदन उत्कृष्ट र जानकारी मुलक रहेको छ । बैंकको एसेटको गुणस्तरमा ध्यान दिन र NPA सुधार, साईवर सुरक्षा तथा जोखिम नियन्त्रणलाई प्राथमिकतामा राख्न सुझाव दिनु भयो । बैंकको चुक्ता पूँजीको करिव ६७ प्रतिशत रिटेर्न अर्निङ र रिजर्भमा रहेको तथ्य राख्दै उहाँले चालु वर्षमा लाभाँश दर पक्कै पनि बढ्ने बिश्वास व्यक्त गर्नु भयो ।

५. श्री चन्द्र नारायण श्रेष्ठ

अध्यक्षज्यू, संचालक, शेयरधनीहरु, कम्पनी सचिव, बैक व्यवस्थापन एवं कर्मचारीहरुलाई हार्दिक अभिवादन, नमस्कार छ । आजको प्रतिस्पर्धी वातावरणमा नियमनकारी निर्देशनहरुको अधिनमा रहि मुनाफा निकाल्न कठिन रहेको परिप्रेक्ष्यमा ९ प्रतिशत लाभाँश सन्तोषजनक छ । तरपनि विभिन्न वित्तीय परिसुचकहरुमा आफुलाई एक नम्बरको बैक हो भन्ने दावि गरिरहँदा शेयरधनीहरुको लाभाँशपनि सोही अनुरुप हुनुपर्ने विचार राख्नुभयो ।

मर्जर तथा प्राप्तिमा उदाहरणीय बैंक दावि गरिरहँदा सोही बमोजिम व्यवसायिक सिनर्जी आउन नसकेको वस्तुगत यथार्थ रहेको भन्दै संचालक समिति एवं प्रमुख कार्यकारी अधिकृत सहित उच्च व्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो । र, अन्तमा बैंकको ब्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नु भयो ।

६. श्री गोगन बहादुर पराजुली

सभामा बोल्न दिनुभएकोमा धन्यवाद । सर्वप्रथम बैंकका अध्यक्षज्यू संचालक समिति, व्यवस्थापन कम्पनी सचिव लगायत सम्पुर्ण शेयरधनीहरुलाई १७ औं वार्षिक साधारणसभा सफलताको शुभकामना । बैंकको ब्याज आम्दानि लोभ लाग्दो छ, यस्को अर्थ बैंकको कमाई राम्रो छ । सोका बावजुत शेयरधनीहरुलाई प्रस्ताव गरिएको लाभाँश उत्साहजनक हुन नसकेको धारणा राख्नु भयो ।

चुक्ता पुँजी, जगेडा कोष, व्यवसायिक सञ्जाल, ग्राहकको आधार एवं कर्मचारी संख्या समेतको दृष्टिकोणबाट अन्तर्राष्ट्रियस्तरको बैंक भएको धारणा राख्दै उहाँले यी तमाम कुराहरुको बाबजुत शेयरधनीहरुको लागि प्रतिफल प्रमुख बिषय भएको र उचित प्रतिफल विना बैंक ठुलो वा सानो हुनुमा अन्तर नहुने विचार व्यक्त गर्नु भयो । उहाँले बैंकको NPA व्यवस्थापन लाई प्राथमिकतामा राख्न सुझाव दिनु भयो । संचालक समितिको बैठक भत्ता र सुबिधा वृद्धिको लागि प्रस्तावित रकम तुलनात्मकरुपमा बढि भएको हो की ? भन्ने प्रतिप्रश्न गर्दै उहाँले समयानूकुल क्रमश वृद्धि गर्दै लैजान सुझाव दिनु भयो । संचालक समितिका अध्यक्षज्यू प्रेरणाको श्रोत हुनुहुन्छ र उहाँको दुरदर्शी नेतृत्वबाट बैंकले आगामी दिनमा अझै फड्को मार्ने बिश्वास व्यक्त गर्नु भयो र आगामी वर्ष नगद र बोनश शेयर आधा आधा गर्न सुझाव दिनु भयो ।

७. **श्री भक्ति प्रसाद उप्रेति**

अध्यक्षज्यू, संचालक, शेयरधनीहरु तथा कर्मचारीहरुलाई मेरो हार्दिक नमस्कार छ । बैंक ठुलो भएको छ तर बलियो भै सकेको छैन । ठुलो हुनु र बलियो हुनुमा फरक रहेको धारणा राख्दै उहाँले बैंकलाई अब बलियो बनाउने तिर लाग्न सुझाव दिनु भयो । बैंकको संचालक समिति उत्कृष्ठ रहेको । विभिन्न असहज परिस्थितिका बाबजुत शेयरधनीलाई प्रस्तावित लाभाँश नराम्रो भन्न नमिल्ने तर बैंकले मुद्दति निक्षेपमा प्रदान गरेको ब्याज भन्दा घटि लाभाँश न्यायोचित नहुने धारणा राख्नु भयो ।

सर्व साधारणको निक्षेपको सुरक्षा गर्ने बैंक तथा वित्तीय संस्थाहरु विरुद्द केहि अराजक व्यक्तिहरुले अर्नगल प्रचार गरिरहेको भन्दै रोष प्रकट गर्नु भयो । ठुलो र उत्कृष्ट बैंक हुनुको नाताले सिँगो बैकिङ्ग क्षेत्रको समस्या एवं चुनौति समाधानमा नेतृत्वदायि भुमिका निर्वाह गर्ने अवसर नगुमाउन अध्यक्ष, संचालक एवं बैक व्यवस्थापन समेतको ध्यानाकर्षण गराउनु भयो । ईम्पेरियल चार्ज घटाउन, NPA व्यवस्थापन गर्न, गैर ब्याज आम्दानी बढाउन सुझाव दिँदै विदेशी मुद्रा सटहीबाट मुनाफा लिन सक्ने ठाउँ रहेको बताउनु भयो । संचालक समितिमा महिला प्रतिनिधित्वका बिषयमा चासो राख्दै उहाँले कानूनको परिपालनामा सम्झौता नगर्न सुझाव दिनु भयो ।

८. **श्री उत्तम दत्त पाण्डे**

अध्यक्षज्यू, संचालक, शेयरधनीहरु तथा कर्मचारीहरुलाई मेरो हार्दिक नमस्कार छ । सभामा बोल्न दिएकोमा धन्यवाद । प्रमुख कार्यकारी अधिकृत अनुभवि हुनुहुन्छ । बैंकमा दक्ष एवं शिपयोग्य कर्मचारी भर्ना गर्नु पर्छ । बैंकको सहायक कम्पनी जेबिएनएल सेक्यूरिटिज अत्यन्तै शुभ साईतमा संचालनमा आएको धारण राख्दै

सहायक कम्पनीको नाफा समेत बैकको मुनाफामा जोडिने भएकाले सम्पुर्ण शेयरधनीहरुले शेयर किनबेच लगायत धितोपत्रको कारोवार गर्दा यसै स्टक ब्रोकर कम्पनीबाट गर्न गराउन आग्रह गर्नु भयो ।

उहाँले आगामी वर्षहरुको वार्षिक प्रतिवेदनमा गैर बैकिग सम्पत्तिको विवरण समेत राख्न सुझाव दिँदै उपस्थित सबैलाई धन्यवादसहित आफ्नो मन्तव्य टुङ्गयाउनु भयो ।

## ९. श्री सुदिप श्रेष्ठ

आदरणीय अध्यक्ष ज्यु, संचालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा शेयरधनीहरुलाई नमस्कार छ । सबैको लागि बैक भन्ने नाराका साथै स्थापनाभएको यस बैक निरन्तर प्रगतिपथमा रहेको छ । अध्यक्षज्यू, संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृतको सामाजिक पहिचान र व्यावसायिक ख्याति हेर्दा बैंकले शेयरधनीलाई वितरणको लागि प्रस्ताव गरेको लाभाँश सन्तोषप्रद नभएको धारणा राख्नु भयो र, आगामी वर्षदेखि कम्तिमा दुई अंकको लाभाँश पाउनु पर्ने माग गर्नु भयो । उहाँले प्रस्तावित लाभाँश समेत सन्तुलित नभएको विचार राख्दै आगामी वर्ष देखि नगद र बोनस शेयर आधा आधा गर्न सुझाव दिनु भयो । बैकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना ।

## १०. श्री दिपेन्द्र घिमिरे

आदरणीय अध्यक्ष ज्यु, संचालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा शेयरधनीहरुलाई नमस्कार छ । सबैको लागि बैक भन्ने नाराका साथै स्थापनाभएको यो बैक निरन्तर प्रगतिपथमा रहेको छ । ग्लोबल आइएमई बैकले ल्याएको निक्षेप र कार्डसंग सम्बन्धित प्रोडक्ट(हरु) ***मेरी उनिलाई*** र ***आफ्नो कार्ड आफ्नै डिजाईन*** बैंकिग उपभोक्ता माझमा लोकप्रिय रहेको उदाहरण पेश गर्दै उहाँले आगामी दिनमा यस्तै किसिमका नयाँ नयाँ स्किम प्रोडक्ट(हरु) कार्यान्वयनमा ल्याउन सुझाव दिनु भयो । विभिन्न किसिमका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पुरस्कार एवं अवार्ड(हरु) प्राप्त गर्न सफल यो बैकले ग्राहकको सेवाको गुणस्तरमा कमी हुन दिन नहुने विचार राख्नु भयो ।

वैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना ।

## ११. ई. बैजुनाथ रौनियार

आदरणीय अध्यक्ष ज्यु, संचालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा शेयरधनीहरुलाई नमस्कार छ । **सबैको लागि बैक** भन्ने नारा छोटो र मिठो छ । बैक निरन्तर प्रगतिपथमा रहेको छ । संस्थागत सामाजिक उत्तरदायित्वमा अग्रिणी संस्था भएको र जाजरकोट र रुकुम पश्चिममा आएको भुकम्प पिडितलाई प्रदान गरिएको सहयोग प्रसंशायोग्य रहेको छ । संचालक समितिमा महिला प्रतिनिधित्व हुनुपर्ने, उच्च व्यवस्थापनमा समेत महिला हनुपर्ने सुझाव राख्नु भयो । शेयरधनीहरुले बुझि लिन बाँकी लाभाँशको विवरण बैंकको आधिकारिक वेभसाईटमा राख्न, लेखापरीक्षकबाट प्राप्त कैफियत, सुझाव एवं सुधारको बिषयमा वार्षिक प्रतिवेदनमा खुलाउन सुझाव दिनु भयो ।

बैंकको व्यवसायिक उचाई अनुसार शेयरधनीहरुलाई लाभाँश नआएको गुनासो गर्दै आगामी वर्ष शेयरधनीहरुको प्रतिफल बढ्ने बिश्वास व्यक्त गर्नु भयो ।

१२. **श्री कृष्ण प्रसाद अधिकारी (काष्यप)**

स्वस्ति वाचनसहित मन्तब्य शुरु गर्नुभएका उहाँले धन धान्यकी देवी माता लक्ष्मी सदैव दाहिने रहुन र बैंक पुर्णबाट भरीपुर्ण हुदै जाओस् भन्ने शुभ आर्शिवचन दिनु भयो ।

चिसो मौसममा बिहान ९.०० बजे नै साधारण सभामा उपस्थित हुन गाह्रो भएकोले आगामी वर्षदेखि कम्तिमा ११.०० पछिमात्र साधारण सभा गर्न सुझाव दिनु भयो । धितोपत्रको कारोवार गर्ने सहायक कम्पनी जेबिएनएल सेक्युरिटिज ठिक समयमा संचालनमा आएको भन्दै सो कम्पनी संचालनमा आएदेखि नेप्से समेत उकालो लागेको तथ्य राख्नु भयो । जेबिएनएल नामका बिषयमा चासो राख्दै सो नाम अन्योलपुर्ण भएकाले स्वीट एण्ड सर्ट नाम राख्न सुझाव दिनु भयो । सो कम्पनीले कमाएको मुनाफा समेत यो बैंकको पोल्टामा नै आउने भएकोले शेयरधनीहरुले धितोपत्रको कारोवार उक्त कम्पनीबाटै गर्न सुझाव दिनु भयो । बैंकको ब्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना ।

**जेबिएनएल सेक्युरिटिज लि. नामको बिषयमा शेयरधनी कृष्ण प्रसाद अधिकारीजयूको जिज्ञाषा तत्काल मेटाउँदै कम्पनी सचिव श्री बिष्णु प्रसाद बास्कोटाज्यूले** "साबिकको जनता बैक नेपाल लि. ले पहिले नै सो नामबाट ईजाजत आवेदन गरेकोले बीचमा परिवर्तन गर्न नमिलेको छिट्टै नै ग्लोबल आइएमई सेक्युरिटिज कायम गर्ने गरी संशोधन प्रकृया अगाडी बढाउने सभालाई जानकारी गराउनु भयो ।

१३. **श्री मेजर कुवेर श्रेष्ठ**

आदरणीय अध्यक्ष ज्यु, संचालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा शेयरधनीहरुलाई नमस्कार छ। बैंकको वार्षिक साधारण सभा शेयरधनीहरुको सभा भएको र सभाले गरेका निर्णय संचालक समिति मार्फत कार्यान्वयन हुने धारणा राख्नु भयो।

अध्यक्षज्यू र संचालक समितिका सदस्यहरुको व्यक्तित्व हरेक दृष्टिकोणले उच्च रहेको भन्दै उहाँले शेयरधनीहरुका लागि वितरण गर्न प्रस्ताव गरिएको लाभाँशमा कर लाग्छ कि लाग्दैन ? भन्ने जिज्ञाषा राख्नु भयो। र यदि कर नलाग्ने नै हो भने कर बराबरको रकम समेत लाभाँश नै भएको तथ्य सभा समक्ष राख्नु भयो। संचालक समितिको बैठक भत्ता, सुविधा वृद्धि सम्बन्धि प्रस्तावका सम्वन्धमा उहाँले वृद्धिको लागि प्रस्ताव गरिएको रकम अलि बढी भएन ? भन्ने प्रतिप्रश्न गर्नु भयो।

बैंकको अध्यक्षज्यू, प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिवसंगको भेट सहज नभएको दुखेसो राख्दै उहाँले शेयरधनीहरुसंगको भेटलाई प्राथमिकतामा राख्न सुझाव दिनु भयो। उहाँले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगतको रकम मुलुकको ७ वटै प्रदेशमा खासगरी छात्रवृत्तिमा खर्च गर्न सुझाव दिनु भयो। मर्चेन्ट बैंकिग सम्बन्धि कारोवार गर्ने बैंकको सहायक कम्पनी ग्लोवल आईएमइ क्यापिटल लि.को सेवाको गुणस्तर सुधार गर्न सुझाव दिँदै उहाँले बैंकको NPA व्यवस्थापनमा लाग्न अनुरोध समेत गर्नुभयो।

## १४. श्री निरुपमा गुप्ता

आदरणीय अध्यक्ष ज्यु, संचालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा शेयरधनीहरुलाई नमस्कार छ। सवैको लागि बैक भन्ने नारा राम्रो रहेको। बैक निरन्तर प्रगतिपथमा रहेको। धितोपत्रको कारोवार गर्ने सहायक कम्पनी जेबिएनएल सेक्युरिटिजले उपयुक्त समयमा कारोवार शुरु गरेकोमा धन्यवाद र बधाई। बैकको NPA घटाई खर्च नियन्त्रण गर्न र आगामी वर्षहरुमा कम्तिमा दुई अंकको लाभाँश सुनिश्चित गर्न सुझाव दिनु भयो। बैकिङ्ग दिर्घकालिन व्यवसाय भएकोले सोही बमोजिमको रणनीति अबलम्बन गर्नुपर्ने सुझाव दिनु भयो।

## १५. श्री दिपक प्रधान

आदरणीय अध्यक्ष ज्यु, संचालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा शेयरधनीहरुलाई नमस्कार छ। सबैको लागि बैक भन्ने नाराका साथै स्थापनाभएको यस बैक निरन्तर प्रगतिपथमा रहेको छ। बैंकको शाखा सञ्जाल राम्रो छ। लाभाँश दर कम्तिमा पनि दुई अंकको हुनु पर्छ। आफु बैंकको शेयरधनी मात्र नभएर सेवाग्राही समेत भएको भन्दै बैंकको शंखमुल शाखाको महिला

कर्मचारीको व्यवहारप्रति गुनासो गर्नु भयो । बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना ।

१६. **श्री राम गोपाल महर्जन**

आदरणीय अध्यक्ष ज्यु, संचालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा शेयरधनीहरुलाई नमस्कार छ । सबैको लागि बैक भन्ने नाराका साथै स्थापनाभएको यस बैंक निरन्तर प्रगतिपथमा रहेको छ । साना लगानीकर्तालाई नगद लाभाँश भन्दा बोनस शेयरको महत्व हुने भन्दै आगामी वर्ष बोनस शेयरलाई प्राथमिकतामा राख्न अनुरोध गर्नु भयो । बैंकले लगानी गरेका शेयर(हरु) क्रमश बिक्री गरेर भएपनि आगामी वर्षको बोनस बढाउनु पर्ने धारणा राख्नु भयो । उहाँले बैंकले मोवाईल बैकिङ्गमा लगाएको चार्ज धेरै भएको गुनासो गर्नु भयो । संचालक समितिको बैठक भत्ता सुबिधा कमश: विस्तार बृद्दि गर्दै लैजान सुझाव दिनु भयो । बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना ।

१७. **श्री उत्सव श्रेष्ठ**

आदरणीय अध्यक्ष ज्यु, संचालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा शेयरधनीहरुलाई नमस्कार छ । सबैको लागि बैक भन्ने नाराका साथै स्थापनाभएको यस बैक निरन्तर प्रगतिपथमा रहेको छ । शेयरधनीहरुलाई कम्तिमा दुई अंकको लाभाँश दिन नसकिरहेको वर्तमान स्थितिमा संचालक समितिको बैंठक भत्ता, सुबिधा वृद्धि गर्न प्रस्ताव गरिएको रकम धेरै भएको बिचार राख्नु भयो । साथै, अन्य समकक्षी बैंकको संचालक समितिको बैठक भत्ता तथा सुबिधा समेत लाई आधारमानि कमश: बैठक भत्ता, सुबिधा बढाउँदै लैजान उपयुक्त हुने सुझाव दिनु भयो ।

सभामा मन्तव्य राख्ने क्रममा उहाँले स्वतन्त्र संचालकले बैकको शेयर धारण गर्न पाईने वा नपाईने वा कतिसम्म  पाईने ? भन्ने बिषयमा जिज्ञाषा राख्नु भयो । अन्तमा उहाँले बैंकको ब्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्ति गर्नुभयो ।

**स्वतन्त्र संचालकको शेयर  सम्बन्धि बिषयको जिज्ञाषा तत्काल मेटाउँदै कम्पनी सचिवले** "बैंक तथा वित्तीय स.स्था सम्वन्धि ऐन, २०७३ को दफा १८ (ढ) बमोजिम स्वतन्त्र संचालकको सम्वन्धित बैंकको शुन्य दशमलव एक प्रतिशत भन्दा वढी नहुने गरी शेयर स्वामित्व भएमा अयोग्य नहुने व्यवस्था गरेको सभालाई जानकारी गराउनु भयो ।

१८. श्री नरसिँह लाल चंखु (लिखित सुझाव)

आदरणीय अध्यक्ष ज्यु, संचालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा शेयरधनीहरुलाई नमस्कार छ । बैंकको १७ औं वार्षिक प्रतिवेदन र वित्तिय वासलातको विवरण उत्कृष्ट र जानकारी मुलक छ । बैंकको वित्तीय परिसुचकहरु हेर्दा निरन्तर प्रगति गरेको पाईन्छ । शेयरधनीहरुको लागि प्रस्तावित लाभाँश सन्तोषजनक छ, सोको लागि अध्यक्षज्यू, संचालक समिति, उच्च व्यवस्थापन र अन्य सम्पुर्ण कर्मचारीहरु धन्यवादको पात्र हुनुहुन्छ । NPA व्यवस्थापन र कर्जाको गुणस्तरमा ध्यान दिन अनुरोध गर्दै उहाँले आगामी वर्षमा दुई अंकको प्रतिफल प्राप्त हुने अपेक्षा गर्दै बैंकको व्यावसायिक भविष्यप्रति उत्तरोत्तर प्रगतिको शुभकामना दिनु भयो ।

१२. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

शेयरधनी महानुभावहरु क्रमश श्री सत्रुघन श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य, श्री उद्धव प्रसाद घिमिरे, श्री ब्यास कुमार शर्मा, श्री चन्द्र नारायण श्रेष्ठ, श्री गोगन वहादुर पराजुली, श्री भक्ति प्रसाद उप्रेति, श्री उत्तम दत्त पाण्डे, श्री सुदिप श्रेष्ठ, श्री दिपेन्द्र घिमिरे, ई. बैजुनाथ रौनियार, श्री कृष्णप्रसाद अधिकारी, श्री मेजर कुवेर श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री दिपक प्रधान, श्री राम गोपाल महर्जन, श्री उत्सव श्रेष्ठ र श्री नरसिँहलाल चखुं (लिखित सुझाव) ले बैंकको १७ औं वार्षिक साधारणसभामा उपस्थित र सहभागि भई बैंकको उत्तरोत्तर उन्नतिको शुभकामनाको साथै, अमुल्य सुझावहरु दिनुभएकोमा अध्यक्षज्यूले धन्यवाद ज्ञापन गर्नु भयो ।

संचालक समितिले अवलम्बन गरेको रणनीति एवं कार्यनीतिको कारण छोटो समयमा नै बैंकले यो उचाई हासिल गरेको भन्दै अध्यक्षज्यूले बैकको व्यवसायिक सफलतामा शेयरधनीहरुको सहयोग र शुभेच्छा प्रमुख रहेको स्मरण गर्नु भयो । स्थापना देखि नै आफु बैंकको व्यवसायिक हित र शेयरधनीहरुको प्रतिफल सुनिश्चित गर्न लागि परेको उहाँले बताउनु भयो ।

बैंकको संचालक समिति बाहिर रहनु भएका अधिकांश संस्थापक शेयरधनीहरुले प्रचलित कानूनले दिएको सुबिधा लिई आफ्नो नामको संस्थापक शेयरको निश्चित अंश सर्व साधारण शेयरमा रुपान्तरण गरी बिक्री समेत गरेको जसबाट शुरुको लगानी असुल उपर गरी पर्याप्त मुनाफा समेत लिन सफल भएको तथ्य राख्नु हुँदै आफुले सो अवसर समेत लाई वेवास्ता गरी आर्थिक रुपमा नोक्सानी सहेरै निस्वार्थ ढंगले बैंकको व्यवसायिक उचाई बढाउन लागि परेको सभा लाई जानकारी गराउनु भयो ।

नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न ईजाजतपत्र प्राप्त २१ वटा बैक तथा वित्तीय संस्था(हरु) एक आपसमा मर्ज भई आजको ग्लोबल आइएमई बैक बनेको स्मरण गर्दै फरक फरक स्वार्थ र पृष्ठभुमिबाट आएका शेयरधनी, संचालक, उच्च व्यवस्थापन तथा कर्मचारी (हरु) समेतलाई उचित र सम्मानपुर्वक व्यवहार गर्दै बैकको संचालक समिति समेत संधैभरी निर्विरोध बनाउँदै ल्याएको तथ्य राख्नु भयो ।

बैंकबाट कर्जा लिने तर विभिन्न बहानामा नतिर्ने भनि विगत केहि समय देखि केहि स्वार्थी तत्वहरुबाट समाजमा भ्रम फिजाँई रहेको प्रति ईंगित गर्दै अध्यक्षज्यूले बैंकको कर्जा सर्व साधारण निक्षेपकर्ताहरुको पैसा भएको र निक्षेपकर्ताको हकहितको संरक्षण र सम्बर्द्धन गर्नु बैंकको मुख्य दायित्व भएको बताउनु भयो ।

नेपाल राष्ट्र बैक लगायत अन्य नियमनकारी निकायहरुको प्रत्यक्ष नियमन, प्रचलित कानून एवं नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको अक्षरश पालनाको साथै, आन्तरिक तथा बाह्य लेखापरीक्षण हुने बैंक तथा वित्तीय संस्थाको कारोवार अन्यको तुलनामा पारदर्शी रहेको तथ्य सभामा राख्नु भयो ।

मुलुकको आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाको भुमिका महत्वपुर्ण रहेको बिचार राख्दै उहाँले यस्को विरुद्द नियोजितरुपमा नकारात्मक प्रचार हुनु दुर्भाग्यपुर्ण रहेको बताउनु भयो ।

संचालक समितिको बैठक भत्ता तथा सुबिधा बृद्दिको विषयमा धेरै शंका उपशंका नगर्न आग्रह गर्दै उहाँले बैंकको चुक्ता पूंजी, व्यवसायिक आकार, शाखा सञ्जाल, कर्मचारी संख्या, लगायतको महत्वपुर्ण सुचकाङ्कहरुमा पहिलो नम्बरको बैंक भन्ने दावि गरिरहँदा संचालक समितिको भत्ता, सुबिधा सोही बमोजिम प्रस्ताव गरिएको सभा लाई बताउनु भयो । बैंकको संचालक समितिमा योग्य, सक्षम र प्रतिष्ठित ब्यक्ति(हरु) रहनु भएको तथ्य राख्नु भयो । व्यवसायिक रुपले बिज्ञ ब्यक्तिहरुलाई संचालक समितिमा आकर्षित गर्नका लागि संचालक समितिको भत्ता तथा सुविधा बृद्धि गर्न आवश्यक रहेको कुरा अध्यक्षज्यूले सभामा जानकारी गराउनु भयो । बैंकको व्यवसायिक उन्नतिको लागि सुझबुझपुर्ण राय सल्लाह दिनुपर्नेमा सोबाट बिषयान्तर हुने गरी संचालक समितिको बैठक भत्ता, सुविधा जस्तो सामान्य विषयमा नअल्झिन आग्रह गर्नुभयो । संचालक समितिको बैठक भत्ता र सुबिधा समायनूकुल मात्र बनाउन खोजिएको उहाँले भन्नु भयो ।

बैंकको एकाध शाखाहरुको सेवाको गुणस्तरको विषयमा शेयरधनी महानुभावहरुले उठाउनु भएको बिषयलाई संचालक समितिको पुर्ण समर्थन रहेको बताउदै अध्यक्षज्यूले बैंक जति ठुलो बैंक हुन्छ सेवाको गुणस्तरमा पनि उति नै ध्यान दिनुपर्ने हुन्छ अन्यथा नकारात्मक प्रचार पनि सोहि बमोजिम बढ्ने खतरा हुन्छ भन्दै ग्राहकहरुको सेवामा कुनै किसिमको सम्झौता नहुने गरी कमी कमजोरी सुधार गर्दै चुस्त एवं दुरुस्त बैंकिग सेवाको लागि प्रतिवद्धता जनाउनु भयो । प्रणालिगत सुधार महत्वपुर्ण हुने भन्दै उहाँले ग्राहकहरुको गुनासो सम्वोधन हुनेगरी छिटो सुधार कार्य अगाडी बढाउन प्रमुख कार्यकारी अधिकृतसहित अन्य उच्चतहका पदाधिकारीहरुलाई निर्देशन दिनुभयो ।

युवा उद्यमी कर्जा, महिला उद्यमी, साना तथा मझौला कर्जा लाई प्राथमिकतामा राख्न शेयरधनीबाट प्राप्त सुझावप्रति धन्यवाद ज्ञापन गर्दै अध्यक्षज्यूले बैंकले केवल मुनाफा मात्र नहेरी नेपाल राष्ट्र बैंकबाट प्राप्त निर्देशन एवं राष्ट्रिय आवश्यकता समेतलाई बिचार गरी कृषिक्षेत्रको लगानीलाई प्राथमिकतामा राखेको, महिला तथा पिछडिएको क्षेत्र, वर्ग एवं समुदायमा पर्याप्त लगानी भईरहेको भन्दै **"सबैका लागि बैक"** भन्ने नारालाई व्यवहारमा नै रुपान्तरण गर्न प्रतिवद्ध रहेको सभालाई जानकारी गराउनु भयो ।

यस वर्ष शेयरधनीहरुलाई वितरण गर्न प्रस्ताव गरिएको ९ प्रतिशत लाभाँश आगामी वर्ष वृद्धि हुनुपर्ने भन्ने शेयरधनीहरुबाट प्राप्त सुझावप्रति अध्यक्षज्यूले सहमति जनाउनु भयो र यद्यपी आजको प्रतिस्पर्धी बजारमा नियमनकारी निर्देशनहरुको परिपालाना गरी मुनाफा आर्जन गर्नु पर्ने भएकाले आगामी वर्ष कम्तिमा दुई अंकको लाभाँशको लागि आफुहरु लागि पर्ने बताउनु भयो ।

अन्त्यमा अध्यक्षज्यूले ग्लोबल आइएमई बैंकलाई मुलुकको एक नम्बरको साथै, बिश्वका ठुला र उत्कृष्ट बैंकको सुचिमा पुऱ्याउने आफ्नो लक्ष्य रहेको र सो पुरा गर्न लागि पर्ने बताउनु भयो ।

१३. सभाको निर्णय :

(क) सामान्य प्रस्तावहरु :

(१) **संचालक समितिको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने :**

संचालक समितिको तर्फवाट अध्यक्षज्यूले १७ औं वार्षिक साधारण सभामा प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु हुंदा उक्त प्रतिवेदन सर्वसम्मतिवाट पारित गरियो । संचालक समितिको वार्षिक प्रतिवेदनमा सामाजिक उत्तरदायित्व (Corpotate Social Resposibilty (CSR) पुरा गर्न बैंक सकिय रहेको भन्ने विषय प्रशंसायोग्य रहनुका साथै बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत बिभिन्न शिर्षकमा बिभिन्न व्यक्ति तथा संघ संस्थालाई आ.व. २०७९/८० मा प्रदान गरेको आर्थिक सहायत/चन्दा समेत जम्मा रु.२,५७,००,०००/- (दुई करोड सन्ताउन्न लाख) सभाबाट अनुमोदन गरियो ।

(२) **लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण स्वीकृत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७९/८० को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण समेत पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत गऱ्यो ।

(३) **यस बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि., बिओके क्यापिटल मार्केटस् लि. ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड र जेविएनएल सेक्युरिटिज लिमिटेडको आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने :**

बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि., बिओके क्यापिटल मार्केटस् लि., ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड र जेविएनएल सेक्युरिटिज लिमिटेडको आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत गर्‍यो ।

(४) **संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७९/०८० को मुनाफा समेतबाट चुक्ता पुंजीको ८ प्रतिशत नगद लाभांस स्वीकृत गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७९/०८० को मुनाफा समेतबाट चुक्ता पुंजीको ८ प्रतिशत नगद लाभांस पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत गर्‍यो ।

(५) **कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व. २०८०/८१ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने :**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८०/८१ को लेखापरीक्षण कार्यको लागि श्री पी.वाई.सी.एण्ड एशोसिएट्स (चार्टर्ड एकाउन्टेन्टस्) र श्री पी.जे.पी.एन एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्टस्) लाई संयुक्तरुपमा लेखापरीक्षक नियुक्ति गरी निजहरुको पारिश्रमिक समेत निर्धारण गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको प्रस्ताव बमोजिम सभाले मु.अ.कर बाहेक एकमुष्ठ पारिश्रमिक रु.४०,००,०००।-(चालिस लाख) दिने गरी निजहरुलाई बैंकको लेखापरीक्षकमा नियुक्त गर्न सभाले सर्वसम्मतिबाट स्वीकृति प्रदान गर्‍यो ।

(६) **संस्थापक शेयरधनी समुहबाट ३ जना र सर्वसाधारण शेयरधनी समुहबाट ३ जना समेत जम्मा ६ जना संचालकको निर्वाचन गर्ने :**

बैंकको संस्थापक तथा सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने वर्तमान संचालकहरुको कार्यकाल आजैबाट समाप्त हुने भएकोले सो को निर्वाचन गर्न गराउनका लागि संचालक समितिको मिति २०८०/०७/२४ को निर्णयानुसार अधिवक्ता श्री लिलामणी पौडेललाई निर्वाचन अधिकृत नियुक्त गरिएकोमा निजले संचालक समितिको निर्वाचन गर्न बैंकको संचालक निर्वाचन सम्बन्धी निर्देशिका, २०६५ बमोजिम मिति २०८०/०८/१८ मा निर्वाचन कार्यक्रम समेत प्रकाशन

गरी निर्वाचन सम्बन्धी तोकिएका सम्पूर्ण कार्यक्रम सम्पन्न भएको जानकारी सभामा गराउँदै संस्थापक समूहबाट ३ जना र सर्वसाधारण शेयरधनी समूहबाट ३ जना गरी जम्मा ६ जनाको मात्र उम्मेदवारी दर्ता भएको र सो संख्या निर्वाचन गर्नु पर्ने संख्या जतिमात्र भएको हुँदा **संस्थापक शेयरधनी समूह तथा सर्वसाधारण शेयरधनी समूहबाट** देहाय बमोजिम संचालक निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो ।

संस्थापक शेयरधनी समूहबाट निर्विरोध निर्वाचित संचालक :

१. श्री चन्द्र प्रसाद ढकाल , प्रतिनिधि आई.एम.ई.इन्भेष्टमेन्ट प्रा.लि.

२. श्री राधेश पन्त

३. श्री राम बहादुर भण्डारी

सर्वसाधरण शेयरधनी समूहबाट निर्विरोध निर्वाचित संचालक:

१. श्री कृष्ण प्रसाद शर्मा

२. श्री मदन लाल जोशी

३. श्री नारायण प्रसाद पौडेल, प्रतिनिधि डि.डि.इन्भेष्टमेन्ट प्रा.लि.

निर्वाचन अधिकृतले उल्लेखित व्यक्तिहरु प्रचलित कानून एवं बैंकको नियमावली नियम ८(३)को व्यवस्था बमोजिम ४ वर्ष पदावधिका लागि बैंकको संचालकमा निर्विरोध निर्वाचित भएको सभा लाई जानकारी गराउनु हुँदै नवनिर्वाचित संचालकहरुको कार्यकालको सफलताको कामना सहित निर्वाचन अधिकृतले निर्विरोध निर्वाचित सञ्चालकज्यूहरुलाई सञ्चालक निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्नुभयो । त्यसैगरि, बैंकको प्रमुख कार्यकारी अधिकृत, वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव समेतले नवनिर्वाचित सञ्चालकज्यूहरुलाई रातो टिका एवं माला लगाई बधाई तथा स्वागत गर्नु भयो । सो अवसरमा सभामा उपस्थित शेयरधनीहरुबाट करतल ध्वनीकासाथ सोको स्वीकृती एवं अनुमोदन गरियो ।

(ख) विशेष प्रस्ताव :

१) **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८० साल आषाढ मसान्त सम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट चुक्ता पूँजीको १ प्रतिशत बोनश शेयर वितरण**

**गर्न स्वीकृत गर्ने र सोही हद सम्म जारी तथा चुक्ता पूँजी बृद्धि गरि प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८० साल आषाढ मसान्त सम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट चुक्ता पूँजीको १ प्रतिशत बोनश शेयर बितरण गर्ने विशेष प्रस्ताव स्वीकृत गरियोस भनि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो । साथै उक्त बोनस शेयर जारी गर्दा आउने भिन्न अङ्क *(Fraction)* लाई के कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा छलफल गरी सवै शेयरधनीको हितलाई ध्यानमा राखी विगत वर्ष झैं यस वर्ष पनि खण्डिकृत शेयर पूर्णाकृत नभए सम्म सम्वन्धित शेयरधनीकै नाउंमा यथावत राख्ने निर्णय गरियो ।

१७ औं वार्षिक साधारण सभा तथा बोनस शेयर वितरण गर्ने प्रयोजनका लागि तोकिएको मिति सम्म शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुलाई उपरोक्तानुसार बोनस शेयर जारी गरी बैंकको जारी पूँजी रु. ३६,१२,८७,७०,३१४।५५ (छत्तिस अर्व बाह्र करोड सतासी लाख सत्तरी हजार तिन सय चौध रुपैयाँ पचपन्न पैसा मात्र) एवं चुक्ता पूंजी रु. ३६,१२,८७,७०,३१४।५५ (छत्तिस अर्व बाह्र करोड सतासी लाख सत्तरी हजार तिन सय चौध रुपैयाँ पचपन्न पैसा मात्र) कायम गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो साथै सोही अनुसार बैंकको प्रवन्धपत्र तथा नियमावली संसोधन गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख समेत गर्ने गराउने निर्णय गरियो ।

आयकर ऐन, २०५८ अनुसार बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने ( मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्दा त्यस्तो मर्जर/प्राप्ति भएको दुईबर्ष सम्म लाभांश वितरण गर्दा मर्जर/प्राप्ति हुंदाको मितिमा कायम रहेका शेयरधनीहरुको हकमा करमा छुट प्राप्त गर्ने भएकाले सोही बमोजिम साविकको बैंक अफ काठमाण्डूसंग एकीकृत वित्तीय कारोवार भएको मिति २०७९ पौष २५ भन्दापछि कायम हुन आएका शेयरधनीहरुको हकमा बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सम्बन्धित शेयरधनीहरुबाटै लिई लाभांश वितरण गर्ने व्यवस्था स्वीकृत गरियो ।

२) **सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता बृद्धि तथा सेवा सुविधा स्वीकृत गर्ने ।**

सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षलाई रु. ३०,०००/- (तिस हजार) र सञ्चालकलाई रु. २५,०००/- (पच्चिस हजार) बैंठक भत्ता र सञ्चालकहरुलाई यातायात, सञ्चार तथा पत्रपत्रिका सुविधा भत्ता वापत मासिक रु.५०, ०००/- (पचास

हजार) प्रदान गर्न स्वीकृत गरियोस भनि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरियो ।

३) **बैंकको प्रबन्धपत्र तथा नियमावली संसोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायहरुबाट कुनै थपघट वा संशोधन गर्न निर्देशन भएमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव अन्तर्गत प्रबन्धपत्रको दफा ५(ख) बैंकको जारी पूंजी, ५(ग) बैंकको चुक्ता पूँजी वृद्धि गर्ने र नियमावलीको नियम ३१ (ख) संशोधन सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संसोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमन निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार दिने विशेष प्रस्ताव स्वीकृत गरियोस भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा देहाय बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा थप एवं संसोधन गर्ने गरी सभाले सर्वसम्मतिबाट उक्त विशेष प्रस्ताव स्वीकृत गऱ्यो ।

**प्रबन्ध पत्रको  दफा ५ (ख) मा देहाय बमोजिम थप तथा संसोधन गर्ने :**

बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. ३६,१२,८७,७०,३१४।५५  (छत्तिस अर्ब बाह्र करोड सतासी लाख सत्तरी हजार तिन सय चौध रुपैयाँ पचपन्न पैसा मात्र) हुने छ ।

**प्रबन्ध पत्रको  दफा ५ (ग) मा देहाय बमोजिम थप तथा संसोधन गर्ने :**

बैंकको तत्काल चुक्ता गर्ने शेयर पूँजी ३६,१२,८७,७०,३१४।५५  (छत्तिस अर्ब बाह्र करोड सतासी लाख सत्तरी हजार तिन सय चौध रुपैयाँ पचपन्न पैसा मात्र) हुने छ । जारी पूँजी चुक्ता भएको आधारमा चुक्ता पूँजी वृद्धि हुंदै जाने छ ।

**नियमावलीको नियम ३१ (ख) मा देहाय बमोजिम थप तथा संसोधन गर्ने :**

सञ्चालक समितिको बैंठकमा उपस्थित भए बापत अध्यक्षलाई रु. ३०,०००।- (तिस हजार) र सञ्चालक लाई रु.२५,०००/- (पच्चिस हजार) बैठक भत्ता प्रदान गरिने छ । सञ्चालकहरुलाई यातायात, सञ्चार तथा पत्रपत्रिका सुबिधा बापत मासिक रु. ५०,०००/- (पचास हजार) प्रदान गरिने छ ।

प्रवन्ध पत्र तथा नियमावली संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायहरु वा कार्यालयबाट कुनै थप वा संशोधनको लागि सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्ने गरी संचालक समितिलाई अख्तियारी प्रदान गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव पेश गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।

१४. धन्यबाद ज्ञापन तथा सभा बिसर्जन:

छलफल तथा निर्णयको कम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सकिय रुपले सहभागी हुनुका साथै शेयरधनीहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा १७ औं वार्षिक साधारण सभा सफलता पूर्वक संचालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु, शेयर रजिष्ट्रार, लेखापरीक्षक तथा बैंक संचालन कममा सहयोग गर्ने सवै नियमनकारी निकाय, संचारकर्मी समेत सम्बन्धित सबैलाई धन्यबाद ज्ञापन गर्दै सभा बिसर्जन गर्नु भयो ।

.....................
बिष्णु प्रसाद बाँस्कोटा
कम्पनी सचिव

.....................
चन्द्र प्रसाद ढकाल
अध्यक्ष

Global IME Bank Limited
Corporate Office

मिति : २०८०/०९/२४